जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ११९ पृष्ठः ४ | २०८३ भदौ १५ सोमबार (Monday 31 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भोटेकोशी बाढी : सिरहाका चार पालिकाको २६ लाख रुपैयाँ बढी सहयोग



**मणिलाल विश्वकर्मा**

लहान, १४ भदौ। भोटेकोशीको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सिराहाका चार स्थानीय तहले २६ लाख रुपैयाँभन्दा बढीको आर्थिक सहयोग गर्ने भएका छन्। बाढीबाट प्रभावितहरूको राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री विपत् व्यवस्थापन कोषमा जिल्लाकै सबैभन्दा ठुलो लहान नगरपालिकाले ११ लाख, गोलबजार नगरपालिकाले पाँच लाख ५५ हजार ५५५ रुपैयाँ, कल्याणपुर नगरपालिकाले पाँच लाख र सिराहा नगरपालिकाले पाँच लाख गरी २६ लाख ५५ हजार ५५५ रुपैयाँ सहयोग गर्ने भएका हुन्।

लहान नगरपालिकाको ७३औँ नगर कार्यपालिकाको बैठकले नगर प्रमुखको एक महिनाको तलबसहित सम्पूर्ण पदाधिकारी र नगरपालिकामातहत कार्यरत कर्मचारीहरूको एक दिनबराबरको तलब रु ११ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो। पालिकाहरूले भोटेकोशीमा आएको विनाशकारी बाढीले निम्त्याएको ठुलो मानवीय र भौतिक क्षतिप्रति

**–बाँकी तीन पेजमा**

## सिरहामा लागुऔषधसहित एक युवक पक्राउ




सिरहा, १४ भदौ। सिरहामा लागु औषध ब्राउन सुगर सहित एक युवक पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विशेष सूचनाको आधारमा शनिबार राति चेकजाँचको क्रममा लागुऔषध र मोटरसाइकल सहित युवक पक्राउ परेका हुन्। सिरहा नगरपालिका वडा नम्बर १५ स्थित बुधौरामा भारतबाट नेपाल तर्फ आउँदै गरेको प्रदेश ०२-००१ प ००७० नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा चालक सिराहा, गोलबजार नगरपालिका वडा नं. ७ बस्ने २६ वर्षीय राकेश यादव पक्राउ परेका हुन्। सिरहा प्रहरी प्रवक्ता रमेश बहादुर पालका अनुसार मोटरसाइकलको भाइजर भित्र कालो प्लास्टिकमा लुकाई राखेको अवस्थामा लागूऔषध ब्राउन सुगर ६ ग्राम १ सय ३० मिलिग्राम फेला परेको हो। पक्राउ परेका युवकलाई मोटरसाइकल सहित थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान थालेको प्रहरीले जनाएको छ।

## मुक्त हरवाचरवाको धर्ना जारी, आन्दोलन थप सशक्त बनाउने



जनकपुरधाम, १४ भदौ। मुक्त हरवाचरवाको पहिचान, लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा दिगो पुनर्स्थापनाको माग गर्दै हरवाचरवा संघर्ष समितिको आयोजनामा जनकपुरधाममा जारी अनिश्चितकालीन धर्ना थप सशक्त बनाउने भएको छ। मधेश प्रदेश सरकारको पुरानो मुख्यमन्त्री कार्यालय अगाडि मिल्स एरियामा भदौ १० गतेदेखि सुरु भएको धर्नाप्रति प्रदेश सरकारले हालसम्म ठोस पहल नगरेको भन्दै संघर्ष समितिले आन्दोलनलाई थप सशक्त बनाउने निर्णय गरेको हो।

मुक्त हरवाचरवा अधिकार मञ्चको अगुवाइमा यसअघि साउन २९ गते मधेस प्रदेश सरकारलाई बुझाएको ज्ञापनपत्रमा कुनै सुनुवाइ नभएपछि हरवा चरवाहरु धर्नामा बस्दै आएका छन्। निर्धारित समयभित्र माग सम्बोधन नभएपछि भदौ ९ गते मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका हजारौँ मुक्त हरवाचरवाको सहभागितामा जनकपुरधामस्थित रेल्वे स्टेशनदेखि मुख्यमन्त्रीको कार्यालयको गेटसम्म विरोध प्रदर्शन गरिएको थियो।

प्रदर्शनपछि मुख्यमन्त्रीको कार्यालयले संघर्ष समितिलाई वार्ताका लागि बोलाए पनि भदौ १० गते प्रदेश सरकार र संघर्ष समितिबीच भएको वार्ता निष्कर्षविहीन भएपछि आन्दोलनकारीले अनिश्चितकालीन धर्ना सुरु गरेका छन्। संघर्ष समितिका संयोजक श्रीप्रसाद सदाले मुक्त हरवाचरवाको समस्या केवल राहत वा तत्कालीन सहायताको विषय नभई पहिचान, भूमि अधिकार, सम्मानजनक जीवन र दीर्घकालीन पुनर्स्थापनासँग जोडिएको मौलिक

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बाढीपछि सरकारको परीक्षा

भोटेकोसी हुँदै त्रिशूलीमा बाढी आउने क्रम रोकिएको छैन। चीनको तिब्बततर्फ बनेका हिमताल फुट्ने जोखिम पनि कायमै छ। अर्थात्, विपत्ति अझै सकिएको छैन। तर विपत्ति सकिएपछि मात्र राज्यले काम थाल्ने सुविधा सरकारसँग छैन। बेपत्ताको खोजी, उद्धार र आकस्मिक मानवीय सहायता अहिले नै तीव्र गतिमा अघि बढाउनुपर्छ। त्यससँगै अर्को प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ, बाढी प्रभावित नागरिकलाई पुनः आफ्नो खुट्टामा उभ्याउने तयारी सरकारले कहिलेदेखि गर्छ? उद्धार र राहत तत्कालको आवश्यकता हो। पुनःस्थापना र पुनर्निर्माण दीर्घकालीन जिम्मेवारी। यी दुईलाई एउटै ढर्रामा हेर्न मिल्दैन। आकस्मिक अवस्थामा केही काम अव्यवस्थित हुन सक्छन्, तर त्यसपछिको पुनःस्थापना भने स्पष्ट योजना, पर्याप्त स्रोत र छिटो निर्णयमा आधारित हुनुपर्छ। पुनःस्थापनाको अर्थ पीडितलाई केही बोरा खाद्यान्न वा अस्थायी टहरा उपलब्ध गराउनु मात्र होइन। घर गुमाएका परिवारलाई स्थायी आवासमा फर्काउनु, व्यवसाय गुमाएकालाई पुनःव्यवसाय सञ्चालन गर्ने वातावरण बनाउनु र क्षतिग्रस्त निजी तथा सार्वजनिक संरचना पुनर्निर्माण गर्नु यसको मूल उद्देश्य हुनुपर्छ। यही तयारीस्वरूप मन्त्रिपरिषद्ले बाढी प्रभावित जिल्लाका व्यक्ति तथा व्यावसायिक संस्थाका लागि सहुलियत र पुनःस्थापना प्याकेज तयार गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ। आर्थिक सहयोगसँग सम्बन्धित भएकाले अर्थ मन्त्रालयलाई जिम्मेवारी दिनु स्वाभाविक हो। तर जिम्मेवारी अर्थ मन्त्रालयलाई दिनु र फेरि त्यही मन्त्रालयको परम्परागत 'फाइल घुमाउने' शैलीलाई निरन्तरता दिनु भने फरक कुरा हो।

नेपालको प्रशासनिक संस्कारमा एउटा गम्भीर समस्या छ, मानवीय आवश्यकता तत्काल हुन्छ, तर सरकारी प्रक्रिया कहिल्यै तत्काल हुँदैन। नियम, कार्यविधि, निर्देशिका, कागजपत्र र स्वीकृतिको लामो शृंखलाले सहायता पाउनुपर्ने नागरिकलाई नै महिनौँ वा वर्षौं पर्खाइमा राख्ने गरेको छ। 'आगलागी झुपडी डेढ घडी भद्रा' भन्ने उखान त्यसै बनेको होइन। अर्थ मन्त्रालयमा खर्च नियन्त्रणको संस्कार झन् बलियो छ। राज्यको पैसा जोगाउनु राम्रो हो, तर खर्च गर्नै नहुने गरी जोगाएर राखिएको पैसा पीडितका लागि कुनै अर्थ राख्दैन। विपत्तिमा खर्च हुने रकमलाई सामान्य सरकारी खर्चजस्तो हेरेर हरेक निर्णयलाई कागजी प्रक्रियामा अल्झाउने हो भने राहत कोषमा पैसा थुप्रिन्छ, पीडितको जीवन भने टहरामै थन्किन्छ। २०७२ को भूकम्पले हामीलाई यही पाठ दिएको थियो। पुनर्निर्माणका लागि स्रोत उपलब्ध हुँदाहुँदै पनि प्रक्रिया, निर्णय र खर्चमा देखिएको सुस्तताले हजारौँ परिवारको दुःख लम्बियो। कोभिड–१९ का बेला पनि आर्थिक सहायता र पुनरुत्थानका विषयमा सरकारी अनुदारता स्पष्ट देखिएको थियो। जाजरकोट भूकम्पदेखि बाह्रबीसेका बाढीपहिरोसम्मका पीडितले अझैसम्म घोषित सहायता नपाएको गुनासो गर्नु हाम्रो राज्य संयन्त्रको असफलताको प्रमाण हो।

अझ विडम्बना के छ भने, एकातिर पीडितहरू वर्षौंसम्म अस्थायी टहरामा बस्न बाध्य छन्, अर्कोतिर विपद् व्यवस्थापनका लागि छुट्याइएको रकम खर्च नभएर कोषमा थन्किएको हुन्छ। पैसा छैन भनेर पीडितले सहयोग नपाएका होइनन्। पैसा खर्च गर्ने निर्णय, इच्छाशक्ति र प्रशासनिक सहजता नभएर समस्या भएको हो। यसपटक त्यही गल्ती दोहोरिनु हुँदैन। बाढी प्रभावितका लागि बन्ने पुनःस्थापना प्याकेज कागजी प्रक्रिया पूरा गर्ने दस्तावेज होइन, नागरिकलाई पुनःजीवनमा फर्काउने आर्थिक औजार हुनुपर्छ। घर गुमाएका परिवारलाई सुरक्षित आवास निर्माण गर्न पुग्ने सहयोग दिनुपर्छ। आवश्यक परे जग्गा व्यवस्थापनमा समेत राज्यले सहजीकरण गर्नुपर्छ। व्यवसाय गुमाएका नागरिकलाई पुनःव्यवसाय सञ्चालनका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्छ। ठूला व्यवसाय तथा आयोजनालाई आवश्यकता हेरेर ऋण सहजीकरण, कर छुट र अन्य वित्तीय सुविधा दिन सकिन्छ।

सरकारले एउटा आधारभूत मान्यता बदल्न आवश्यक छ, सहायता माग्ने हरेक नागरिकलाई सम्भावित ठग ठान्ने कि विपत्तिमा परेको नागरिक ठान्ने? गलत लाभ लिन खोज्नेलाई कारबाही गर्ने राज्यसँग पर्याप्त अधिकार छ। तर केही व्यक्तिले दुरुपयोग गर्लान् भनेर सबै पीडितलाई प्रक्रियाको जालोमा फसाउनु न्यायोचित हुँदैन। पुनर्निर्माणमा खर्च भएको रकम राज्यको 'घाटा' होइन। घर बन्छन्, बजार चल्छ, व्यवसाय खुल्छन्, रोजगारी सिर्जना हुन्छ र आर्थिक गतिविधि बढ्छ। अर्थतन्त्र चलायमान भएपछि राजस्व पनि बढ्छ। त्यसैले विपत्तिपछिको पुनर्निर्माणलाई खर्च कटौतीको दृष्टिले मात्र हेर्नु आफैँमा अदूरदर्शी आर्थिक नीति हो।

अहिले सरकारसँग पैसा खर्च गर्ने कि नगर्ने भन्ने विकल्प छैन। प्रश्न पैसा खर्च गर्ने कि नगर्ने होइन, कसरी छिटो, पारदर्शी र प्रभावकारी ढंगले खर्च गर्ने भन्ने हो। भोटेकोसीको बाढीले नागरिकको परीक्षा लिइरहेको छ, तर यो सरकारको पनि परीक्षा हो। २०७२ र कोभिडका कमजोरीबाट सिक्ने हो भने यसपटक परिणाम फरक देखिनुपर्छ। पीडितलाई नियमले होइन, राज्यले सम्हाल्नुपर्छ। कोषमा पैसा थुपारेर सरकार सफल हुँदैनन्। विपत्तिमा परेको नागरिकको जीवन उठाउन सके मात्र राज्य सफल हुन्छ। समय फर्किँदैन। बाढी प्रभावित नागरिकको जीवन पनि सरकारी फाइलको गतिमा चल्दैन। त्यसैले पुनःस्थापनाको नाममा फेरि वर्षौं कुर्नुपर्ने अवस्था सिर्जना नगरौं। यसपटक पैसा जोगाउने होइन, नागरिक जोगाउने नीति चाहिन्छ।

# महाविपत्तिपछि खोज, उद्धार, उपचार र राहतसम्बन्धी 'रोडम्याप'



**प्रकाश ज्वाला**

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण मुलुक यतिबेला गहिरो शोकमा डुबेको छ। धेरै नेपाली दिदीबहिनी, दाजुभाइ र विदेशी पर्यटकहरूले ज्यान गुमाएका छन्। निधन हुने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। राष्ट्रिय विपत्तिको घडीमा सम्पूर्ण नेपालीमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछु।

बाढीको भोलिपल्टै जनप्रतिनिधिहरूको हाम्रो टोली भोटेकोशीमा आएको विनाशकारी बाढीद्वारा विध्वंस मच्चाइएको, जनधनको अकल्पनीय क्षति भएको नुवाकोट जिल्लाको त्रिशूली, देवीघाटसमेतका स्थानहरूमा अनुगमनमा गयो। हामीले नजिकबाट बाढी प्रभावित क्षेत्रको कहालीलाग्दो अवस्था र पीडितहरू एवं आफन्तहरूको कारुणिक दृश्य देख्यौँ। हामीले त्यहाँको विनाश तथा बेपत्ताहरूको खोजी, उद्धार, उपचार एवं राहत कार्यको अनुगमन गर्नुका साथै सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गरेका छौँ। हाम्रो टोलीले प्रभावित क्षेत्रको अवलोकनपछि खोज, उद्धार, शव व्यवस्थापन, राहत, आवास, पुनर्निर्माण तथा संकट व्यवस्थापनका कार्ययोजना अघि सारेको छ।

त्रिशूली, देवीघाट, विदुरको बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा जुन अवस्था देख्यौँ, त्यो अत्यन्त हृदयविदारक छ। ढुङ्गामुढाजस्तै ढलेका मान्छेका शवहरू, छटपटाइरहेका घाइतेहरूको चिच्याहट, बालबालिकाहरूको चित्कार, आफन्त गुमाएकाहरूको रुवाबासी, उजाड र मरुभूमिजस्तै बस्ती, क्षत–विक्षत भौतिक संरचना, यस्तै–यस्तै भयावह दृश्यहरू। त्यो दृश्य आफ्नै आँखाले प्रत्यक्ष देखेपछि मुटु छियाछिया भयो। ती कारुणिक तस्बिरले अत्यन्त भावविह्वल बनायो। त्यो अवस्थालाई शब्दमा व्यक्त गर्न सकिँदैन।

यो अवस्था हेर्दा विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ लगायत देशभरिका र विदेशी पर्यटकसमेत दुई हजारभन्दा बढीको ज्यान लिएको, हजार जति घाइते भएको, करिब दुई खर्ब जतिको सार्वजनिक र निजी सम्पत्ति ध्वस्त पारेको अनुमान गर्न सकिन्छ। अहिले पनि हजारौँ व्यक्तिहरू सम्पर्कविहीन छन्। त्रिशूली सैनिक ब्यारेक बाहिर हराइरहेका आफ्ना परिवारका सदस्य तथा आफन्तजनको खोजीमा आएका हजारौँ नागरिकहरू भोकै प्यासै व्यग्र प्रतीक्षामा छन्।

आज कतिका परिवार रित्तिएका छन् भने कतिका आफन्त गुमेका छन्। कति घाइते अपाङ्ग भएको दर्दनाक अवस्था छ। रसुवा, नुवाकोट र धादिङमा पीडितको आफ्नो गाँस, बास, खेतीपाती, व्यवसाय सबै नष्ट भएको छ। खानेपानी, यातायात, सञ्चार, विद्युत् र बस्तीहरू ध्वस्त भएका छन्। यो सङ्कट सामान्य विपद् मात्र होइन, यो त राष्ट्रिय सङ्कटको अवस्था हो। बाढीबाट भएको मानवीय र भौतिक क्षतिको आँकलन गर्दा हाम्रो समाजका लागि यो ठूलो आपत–विपत्को अवस्था हो। यसबाट राष्ट्रले अपूरणीय र अकल्पनीय विनाश व्यहोरेको छ। कति मानिस अझै बेपत्ता छन्? कति परिवारले आफ्ना सदस्य गुमाएका छन्? कति नागरिक आज दाना, पानीविहीन छन्? कति बालबालिका अभिभावकविहीन भएका छन्? र, उनीहरूसम्म राज्यको उपस्थिति कति छिटो पुर्‍याउन सक्छौँ भन्ने आजको मूल सवाल बनेको छ।

खानेपानीका मुहान, पाइपलाइन, ट्याङ्की तथा वितरण प्रणालीमा ठूलो क्षति पुगेर सुरक्षित खानेपानीको अभाव गम्भीर बन्दै गएको छ। खाद्यान्नको अभाव बढ्दै छ। वृद्धवृद्धा, बालबालिका र महिलासमेत एक मुठी चिउरा र एक पोका चाउचाउका लागि लाइन लाग्नुपर्ने अवस्था देखिनु गम्भीर मानवीय सङ्कटको सङ्केत हो। अर्कोतर्फ, बाढीमा बगेर यत्रतत्र छरिएका तथा पहिरोमा पुरिएका पशुचौपायाका मृत शरीर सडेर दुर्गन्ध फैलिन थालेको छ। समयमै शव तथा मृत पशु व्यवस्थापन गर्न नसके यसले सङ्क्रामक रोग, महामारी र वातावरणीय जोखिम निम्त्याउने निश्चित छ। यस्तो अवस्थामा खोज तथा उद्धार, शव व्यवस्थापन, राहत वितरण, सुरक्षित खानेपानी, खाद्य सुरक्षा, अस्थायी आवास, स्वास्थ्य तथा सरसफाइ, सञ्चार तथा विद्युत् पुनःस्थापना लगायतका सबै कामलाई एकीकृत सङ्कट व्यवस्थापन योजनाअन्तर्गत अघि बढाउनुपर्छ।

यतिबेला त्रिशूली ब्यारेकलाई केन्द्र बनाएर खोज, उद्धार र राहतको काम भइरहेको छ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल आफ्नो ज्यानको बाजी लगाएर नागरिकको खोजी तथा उद्धारमा खटिरहेको छ। तिनै तहका सरकारसहित सबै पक्ष सहायतामा खटिरहेका छन्। तर, जमिनको यथार्थता अलि फरक छ। सङ्कटमा हुनुपर्ने तदारुकतामा कमी छ। उद्धारको काममा जति तीव्रता हुनुपर्ने हो त्यति छैन। शव व्यवस्थापन, राहत लगायतका काम व्यवस्थित हुन सकेका छैनन् भन्ने पीडितहरूको गुनासो छ। सरकारी निकायहरूबीच नै आपसी समन्वय र सहकार्य देखिँदैन। सुरक्षा निकायसँग स्थानीय प्रशासन र जनप्रतिनिधिहरूको सहज पहुँच देखिँदैन। सरकारी निकाय तथा स्थानीय निकायबीच ठूलो खाडल छ। समन्वय एवं सहकार्य प्रभावकारी हुन सकेको छैन।

राष्ट्रिय सङ्कटको घडीमा एकआपसका आग्रह पूर्वाग्रह र विवादहरूलाई छोडेर एकताबद्ध भई सहकार्यका साथ समस्याको समाधान गर्ने नेपालीको संस्कृति र परम्परा छ। महाभूकम्प वा कोभिड लगायतका सङ्कटहरूको हामीले मिलेर सामना गरेका छौँ। सङ्कटले साथमा केही अवसर पनि ल्याएको हुन्छ। हामीले महाभूकम्पपछि राष्ट्रिय सहमतिका साथ देशको संविधान जारी गर्न सकेका थियौँ। आज पनि राजनीतिक दल, सबै तहका सरकार, जनप्रतिनिधि, नागरिक समाज तथा आम नागरिकहरूले यो महाविपत्तिको सामना गर्न अद्भुत राष्ट्रिय एकता र सहकार्य प्रदर्शन गर्नुपर्दछ।

**उद्धार र राहतका लागि तत्काल गर्नुपर्ने काम**

**क) खोज तथा उद्धार पहिलो प्राथमिकता**

• नागरिकको जीवन रक्षा गर्ने कुरा अहिलेको प्राथमिक जिम्मेवारी हो। विद्युत् आयोजनाका सुरुङ, नदीका भास, जङ्गल, भीरपाखा विभिन्न स्थानमा फसेका र सम्पर्कमा रहेका व्यक्तिहरूलाई तत्काल उद्धार गरेर उनीहरूको ज्यान बचाउने कुरालाई सर्वोपरि प्राथमिकतामा राखेर काम गर्ने।

• बेपत्ता नागरिकको एकीकृत विवरण तत्काल तयार गरी सबै पक्षको सहयोग लिएर समन्वयात्मक रूपमा राज्यका सबै संयन्त्र, आवश्यक जनशक्ति, साधन स्रोतको सम्पूर्ण परिचालन गरेर खोज तथा उद्धार कार्यलाई तीव्रता दिने।

• प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको थप जनशक्ति, सुरुङबाट उद्धार गर्न सक्ने प्राविधिक टोली तथा आवश्यक साधन र उपकरण तत्काल परिचालन गर्ने।

• सबै लाइफलाइनहरू ध्वस्त भएको अवस्थामा हेलिकप्टर, ड्रोन, सञ्चार सेटलगायत सबै खाले आधुनिक साधन र प्रविधिको प्रयोग गरी हवाई माध्यमबाट खोज तथा उद्धार कार्यलाई अझै व्यवस्थित रूपमा सञ्चालन गर्ने। कतिपय सम्भव स्थानहरूमा खोज र उद्धारका लागि स्थलमार्गको समेत प्रयोग गर्ने।

• यस राष्ट्रिय शोकको बेला नागरिकको ज्यान बचाउनका लागि तिनै तहका सरकारका सबै निकाय, राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, सहयोगी सामाजिक संघसंस्था सबै पक्षबीच हार्दिक समन्वय र सहकार्य गर्ने।

• खोज, उद्धार र राहतका कार्यमा राजनीतिक पूर्वाग्रहविना स्थानीय युवाहरूलाई प्रशिक्षित गरेर नागरिक स्तरबाट कामको प्रकृतिका आधारमा स्वयंसेवी जनशक्तिको पनि परिचालन गर्ने।

**ख) घाइतेहरूको उपचार**

• विनाशकारी बाढीबाट सयौँ व्यक्तिहरू घाइते भएका छन्। जीवित भेटिएका घाइतेहरूले राम्रो उपचार पाउँदा उनीहरूको जीवन बाँच्न सक्छ। त्यसैले घाइतेको उपचारलाई राज्यले पहिलो प्राथमिकतामा राख्नुपर्दछ।

• राज्यले घाइतेहरूको निःशुल्क, छिटोछरितो र प्रभावकारी उपचारको प्रबन्ध गर्ने र सरकारी अस्पतालहरूमा बाढीका घाइतेहरूलाई पहिलो प्राथमिकता दिने।

• यस मानवीय कार्यहरूमा निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूले पनि भरपूर सहयोग गर्ने र त्यसका लागि आवश्यक समन्वय गर्ने।

**ग) शव तथा मृत पशुचौपाया व्यवस्थापन**

• जीवित नागरिकको उद्धारसँगै बाढी पहिरोमा परी मृत्यु भएका नागरिकको शव निकालेर तत्काल अस्पताल वा सुरक्षित स्थानमा व्यवस्थापन गर्ने।

• डुबान क्षेत्रको भग्नावशेष र दलदलमा दबेका शवहरूको खोजी कार्यलाई तीव्रता दिन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्ने।

• प्राप्त शवहरूको छिटोछरितो पहिचान गरेर परिवार वा आफन्तको जिम्मा लगाउने र सम्मानपूर्वक व्यवस्थापन गर्ने।

• मृतकहरूको पहिचान गर्न सजिलो नभएकाले मृतकहरूको पहिचान हुन नसकेको अवस्थामा उनीहरूको डीएनए लिएर शव व्यवस्थापन गर्ने व्यवस्था गर्ने र त्यस्ता शवहरूको वैज्ञानिक तथा प्राविधिक विधिबाट परीक्षण गरेर व्यवस्थापन गर्ने।

• बाढी पहिरोमा परी मरेका पशुचौपायाका मृत शरीर तत्काल सङ्कलन गरेर सुरक्षित व्यवस्थापन गर्ने।

• मानव तथा पशु शव व्यवस्थापनका लागि जनस्वास्थ्य, पशुस्वास्थ्य, वातावरण तथा स्थानीय तहका प्राविधिक जनशक्ति परिचालन गर्ने।

**घ) राहत तथा अस्थायी बसोबास**

• उद्धार गरिएका, सर्वस्व गुमाएका घरबारविहीन तथा विचल्लीमा परेका बाढीपीडित नागरिकहरूका लागि तत्काल अस्थायी बसोबासको व्यवस्था गर्ने।

• प्रभावित प्रत्येक परिवारको खाद्यलगायत आधारभूत आवश्यकता पहिचान गरी परिवारगत विवरणका आधारमा राहत वितरण गर्ने। राहत सामग्री सकेसम्म एकद्वार प्रणालीबाट घरघर र बस्तीबस्तीमा नै पुर्‍याउने।

• पर्याप्त मात्रामा चामल, दाल, नुन, तेल, चिउरा, चाउचाउ, बिस्कुट, खानेपानी, औषधि तथा अन्य अत्यावश्यक खाद्य सामग्रीको व्यवस्था गरी पीडितसमक्ष पुर्‍याउने।

• बिरामी, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका, बालबालिका तथा महिलालाई पहिलो प्राथमिकतामा राहत र आवश्यक पोषणयुक्त खाना उपलब्ध गराउने।

• राहत वितरणमा दोहोरोपन, पहुँचवालाको प्रभाव, घपलाबाजी, बदमासी र वास्तविक पीडित छुट्ने अवस्था रोक्न स्थानीय निकाय, जनप्रतिनिधि, प्रशासन र सुरक्षा निकायको समन्वयमा प्रभावकारी व्यवस्थापन गर्ने।

• नेपाली नागरिक, प्रवासी नेपाली, विभिन्न निकाय र संघसंस्था तथा मित्र राष्ट्र र दातृ निकायबाट राहत कोषमा प्राप्त रकमको अधिकतम सदुपयोग गरेर नागरिकको उद्धार, उपचार, राहत र पुनःस्थापनामा खर्च गर्ने।

**ङ) जनस्वास्थ्य र स्वच्छ खानेपानी**

• प्रभावित क्षेत्रमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा आवश्यक औषधिसहितको मोबाइल स्वास्थ्य टोलीमार्फत स्वास्थ्य सेवा तत्काल उपलब्ध गराउने। नियमित औषधि सेवन गर्ने बिरामी तथा दीर्घरोगीका लागि आवश्यक औषधिको व्यवस्था गर्ने।

• बिरामी, गर्भवती, सुत्केरी, अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला, बालबालिकाका लागि स्वास्थ्य सेवा तथा प्राथमिक उपचारमा प्राथमिकता दिने।

• झाडापखाला, हैजा, टाइफाइड लगायत पानी तथा सरसफाइसँग सम्बन्धित रोगको जोखिम नियन्त्रण गर्न स्वास्थ्य निगरानी र रोग रोकथामको विशेष व्यवस्था गर्ने।

• उद्धार गरिएका नागरिक तथा अस्थायी शिविर तथा प्रभावित बस्तीहरूमा तत्काल सुरक्षित तथा स्वच्छ खानेपानीको व्यवस्था गर्ने। तत्काल ट्याङ्कर, बोतल तथा अन्य माध्यमबाट सुरक्षित खानेपानी आपूर्ति गर्ने।

• अस्थायी शिविरहरूमा तत्काल अस्थायी शौचालयको व्यवस्था तथा

–बाँकी तीन पेजमा

*महाविपत्तिपछि खोज,...*

नियमित सरसफाइ, फोहोर व्यवस्थापन र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने।

• क्षतिग्रस्त खानेपानीका मुहान, धारा, ट्याङ्की, पाइपलाइन तथा वितरण प्रणालीको आपत्कालीन मर्मत गरी छिट्टै पानी आपूर्ति पुनःस्थापना गर्ने।

• परिवारका सदस्य गुमाएका, आफन्त बेपत्ता भएका तथा गम्भीर मानसिक आघातमा परेका नागरिकका लागि मनोसामाजिक परामर्श तथा आवश्यक मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने।

**च) आधारभूत सेवासहितको अस्थायी आवास**

उद्धार गरिएका तथा घर पूर्ण रूपमा क्षति भएका बासविहीन नागरिकका लागि तत्काल सुरक्षित स्थानमा अस्थायी आवासको व्यवस्था गर्ने। त्यस्ता आवास र शिविरहरूमा त्रिपाल, टेन्ट, कम्बल, म्याट्रेस, लत्ताकपडा लगायत आवश्यक सामग्री पर्याप्त मात्रामा उपलब्ध गराउने।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा परिवार गुमाएका नागरिकका लागि सुरक्षित र मर्यादित अस्थायी बसोबासको विशेष व्यवस्था गर्ने।

जोखिमयुक्त स्थानमा रहेका परिवारलाई सुरक्षित स्थानमा तत्काल स्थानान्तरण गरी बसोबासको व्यवस्था मिलाउने।

**छ) सञ्चार र विद्युत् सेवा पुनःस्थापना**

• सञ्चार सेवा विच्छेद भएका प्रभावित क्षेत्रमा तत्काल आपत्कालीन सञ्चार प्रणाली पुनःस्थापना गरेर अस्थायी सञ्चार सेवा उपलब्ध गराउने।

• उद्धार र प्रभावित क्षेत्रमा आधुनिक सञ्चार सेट, स्याटेलाइट फोनलगायत वैकल्पिक सञ्चार उपकरण उपलब्ध गराई स्थानीय जनसमुदाय र प्रशासनिक निकायबीच सम्पर्क कायम गर्ने।

• मोबाइल टावर तथा अन्य सञ्चार संरचनाको मर्मत सम्भार गरी जतिसक्दो छिट्टै नियमित सञ्चार सेवा सञ्चालन गर्ने।

• अस्पताल, स्वास्थ्य चौकी, अस्थायी शिविर, राहत केन्द्र, सुरक्षा एवं प्रशासनिक निकाय तथा अत्यावश्यक सेवाका क्षेत्रमा विद्युत् आपूर्ति प्राथमिकताका साथ पुनःस्थापना गर्ने। त्यस्तो सेवा सुचारु नहुँदासम्म अस्थायी रूपमा वैकल्पिक सेवा सञ्चालन गर्ने।

**ज) सडक, पुल पुनर्निर्माण तथा वैकल्पिक यातायात**

• बाढी प्रभावित क्षेत्रमा मुख्य सडक, पुल ध्वस्त भएको अहिलेको अवस्थामा उद्धार, उपचार र राहतका काममा सहयोगका लागि तत्काल अस्थायी वैकल्पिक मार्ग खोल्ने।

• सडकबाट पुग्न नसकिने बस्तीमा अस्थायी हेलिप्याड निर्माण गरी हेलिकप्टर तथा अन्य वैकल्पिक माध्यमबाट राहत सामग्री, औषधि, पानी र आवश्यक सामग्री पुऱ्याउने।

• अवरुद्ध सडकहरूको लेदो सफाइ तथा रसुवा, धादिङ र नुवाकोटको त्रिशूली पारिको क्षेत्रमा पुग्ने प्रमुख सडकहरूमा तत्काल बेलीब्रिज जडान गरी यातायात सुचारु गर्ने।

• मुख्य लाइफलाइन नजोडिएसम्म तुइन, फलामे डोरी वा साना अस्थायी पुलजस्ता वैकल्पिक माध्यममार्फत जोखिममा रहेका क्षेत्रमा खानेपानी, औषधि र खाद्यान्न पुऱ्याउने।

• स्थलगत मार्ग खुलाउन सरकारी साधनसँगै निजी क्षेत्रका ठूला हेभी इक्विपमेन्टहरूलाई समेत परिचालन गरी युद्धस्तरमा काम गर्ने।

**झ) जनशक्ति परिचालन**

• सेना, प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी, प्राविधिक कर्मचारी तथा स्वयंसेवकको थप जनशक्ति समन्वयात्मक रूपमा प्रभावित क्षेत्रमा परिचालन गर्ने। उद्धार र राहतमा परिचालित जनशक्तिका लागि पर्याप्त खाना, सुरक्षित खानेपानी, अस्थायी आवास, स्वास्थ्य उपचार तथा व्यक्तिगत सुरक्षा सामग्रीको बन्दोबस्ती सुनिश्चित गर्ने।

• स्वयंसेवक तथा अन्य सहयोगी जनशक्तिलाई सुरक्षा निकाय तथा स्थानीय प्रशासनको समन्वयमा कामको स्पष्ट जिम्मेवारी तोकी व्यवस्थित रूपमा परिचालन गर्ने।

• उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माण कार्यको प्रभावकारी अनुगमनका लागि 'सर्वदलीय संयन्त्र'को व्यवस्था गर्नुपर्दछ।

**प्रकोप जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने दीर्घकालीन काम**

**१. बाढीपीडित पुनःस्थापना कार्यक्रम**

बाढी पीडितहरूको उद्धार, राहत र अस्थायी बसोबासको व्यवस्था गरिसकेपछि पुनःस्थापनाको महत्वपूर्ण काम अघि बढाउनुपर्दछ। विगत भूकम्प, बाढी पहिरोलगायत प्रकोपमा परेकाहरूको पुनःस्थापनाको काम अझै पनि सम्पन्न नगरिसकेको अवस्थामा यो काम अवश्य चुनौतीपूर्ण छ तर अस्थायी रूपमा धेरै समयमा नागरिकलाई 'होल्डिङ सेन्टर'मा राखेर हुँदैन। योजनाबद्ध पुनःस्थापनाको कार्यलाई सँगसँगै अघि बढाउनुपर्दछ।

**२. खानेपानी प्रणालीको पुनर्निर्माण**

खानेपानी मान्छेको आधारभूत आवश्यकता भएकाले उच्च प्राथमिकताका साथ मुहानदेखि वितरण प्रणालीसम्मको सम्पूर्ण खानेपानी संरचनाको पुनर्निर्माण गर्नुपर्छ प्रभावित क्षेत्रका नागरिकलाई सुरक्षित खानेपानीको दीर्घकालीन पहुँच सुनिश्चित गर्नुपर्छ। दाताहरूबाट प्राप्त सहयोगलाई खानेपानी सुचारु गर्ने र सरसफाइ कार्यका लागि खर्च गर्नुपर्दछ।

**३. सुरक्षित बस्ती विकास**

हाम्रो देशमा जोखिमयुक्त स्थानमा बस्ती हुनुको कारणले पनि प्राकृतिक प्रकोपबाट धेरै ठूलो मानवीय क्षति हुँदै आएको छ। त्यसैले नदी किनारका र पहिरो जोखिमयुक्त स्थानका बस्तीको भौगोलिक तथा भूगर्भीय अध्ययन गरी ती बस्ती सारेर सुरक्षित स्थानमा बस्ती विकास गर्नुपर्दछ। यसरी नागरिकलाई सुरक्षित स्थानमा पुनःस्थापना गर्नुपर्छ।

**४. भौतिक संरचनाको दिगो पुनर्निर्माण**

हाल क्षतिग्रस्त भएका सडक, पुल, विद्युत् तथा सञ्चार संरचनाहरू यथाशीघ्र मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउनुपर्दछ। प्रभावित क्षेत्रमा दीर्घकालीन कार्ययोजना बनाएर क्षतिग्रस्त सडक, पुललगायत भौतिक संरचनाहरूको निर्माण कार्य अघि बढाउनुपर्दछ। अब नयाँ संरचना बनाउँदा भविष्यमा आउने बाढी पहिरो आदिको जोखिमलाई ध्यानमा राखेर विपद् प्रतिरोधी तथा दिगो पूर्वाधार निर्माण गर्नुपर्छ।

**५. परिवार गुमाएका बालबालिकाको विशेष संरक्षण**

बाढीबाट ज्यान गुमाएका परिवारका लागि राज्यले आवश्यक आर्थिक राहत उपलब्ध गराउनु पर्दछ त्यसरी नै अभिभावक गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य, लालनपालन, संरक्षणका लागि दीर्घकालीन पुनःस्थापनाका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ।

**६. जीविकोपार्जनका कार्यक्रम**

बाढी पीडितको पुनःस्थापनापछि उनीहरूलाई बाँच्ने आधार दिनुपर्दछ त्यसका लागि रोजगारी र काम आवश्यक पर्छ। कृषि, पशुपालन, व्यापार, होटल, श्रम तथा रोजगारी गुमाएका परिवारलाई आयआर्जनमा फर्काउनका लागि जीविकोपार्जनका विशेष कार्यक्रम ल्याउनुपर्दछ।

**७. पुनर्निर्माणको एकीकृत योजना**

भोटेकोशी बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणको कामलाई एउटा राष्ट्रिय सङ्कल्पका साथ अघि बढाउनु जरुरी हुन्छ। मानवीय क्षति, कृषि, पशुधन, उद्योग–व्यवसाय लगायत निजी सम्पत्ति, सार्वजनिक सम्पत्ति र भौतिक संरचनाको क्षतिको एकीकृत वैज्ञानिक मूल्याङ्कन गर्ने काम तत्काल सुरु गर्नुपर्छ त्यसपछि देश–विदेशमा बस्ने नेपाली, मित्र राष्ट्रहरू, दातृ निकायहरूबाट प्राप्त सहयोगीलाई पूर्ण रूपमा सदुपयोग गरेर संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा एकीकृत पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ।

**८. विपद् पूर्वतयारी**

बाढी पहिरोबाट जनताको जीउधनको सुरक्षा गर्नका लागि पूर्वतयारीका काममा ध्यान दिनैपर्छ। हिमाली क्षेत्रमा जलवायु प्रभावको अध्ययन र जोखिमको म्यापिङ गर्नुपर्दछ। बाढी, पहिरो र हिमाली क्षेत्रमा हुने आकस्मिक विपद्का लागि पूर्वसूचना प्रणाली, उद्धार सामग्री, हेलिप्याड, आपत्कालीन सञ्चार, सुरक्षित आश्रयस्थल तथा स्थानीय स्वयंसेवकको स्थायी संयन्त्र निर्माण गर्नुपर्छ। साथै जोखिमयुक्त स्थान 'लोकेट' गरेर सुरक्षाको व्यवस्था गर्ने, ध्वनि सङ्केत, साइरन, मोबाइल एप आदिबाट बाढी आउनुपूर्वको जानकारी गराउने र घटना घटिसकेपछि तत्काल खोज, उद्धार, उपचारका लागि आवश्यक जनशक्ति र साधन स्रोतको पूर्वतयारी जरुरी हुन्छ।

**९. कूटनीतिक पहल र सहकार्य**

हाम्रो देशको उत्तरी सिमाना क्षेत्रमा ग्लेसियर र हिमाल पग्लिने, हिमताल फुट्ने लगायतका जोखिमबाट जनधनको क्षति हुने गरेको छ। चीनसँग आपसी समन्वयमा अन्तरदेशीय सूचना आदानप्रदानका लागि भरपर्दो संयुक्त 'मेकानिज्म' निर्माण गर्नुपर्दछ। जनधनको सुरक्षाका लागि नेपाल र चीनबीचको द्विपक्षीय संयन्त्रलाई सक्रिय बनाउने, सुरक्षाका लागि पूर्वतयारी र दीर्घकालीन रूपमा समस्या समाधानका लागि छिमेकी राष्ट्र चीनसँग कूटनीतिक पहल, समन्वय र सहकार्य गर्न जरुरी छ।

**निष्कर्ष**

अहिलेको विपत्तिलाई सामान्य विपद् व्यवस्थापनको रूपमा होइन, 'राष्ट्रिय मानवीय संकटकाल'का रूपमा लिएर संघ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, राजनीतिक दल, जनप्रतिनिधि, स्वास्थ्य क्षेत्र, निजी क्षेत्र, सामाजिक संघ–संस्था र नागरिक समाजबीच एउटै कमान्ड, स्पष्ट जिम्मेवारी र प्रभावकारी समन्वयका साथ सहकार्य गर्नुपर्दछ। अहिलेको पहिलो काम मान्छे बचाउने हो। यो 'स्टन्टबाजी' र प्रचारबाजी गर्ने समय होइन। यतिबेला राजनीति वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई छैन। राजनीतिक दलहरूबीचको साझा दृष्टिकोण र ठोस योजनाले उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउँछ। मानवीय सङ्कटको यो घडीमा सम्पूर्ण नेपाली एकताबद्ध हुन जरुरी छ। सबै मिलेर जसले जहाँबाट सम्भव छ, बेपत्ताहरूको खोजी र उद्धारमा जुटौँ। घाइतेहरूको उपचार, पीडितहरूका लागि राहत र तत्कालीन बसोबासलाई प्राथमिकता दिऔँ। रातोपाटीबाट

*भोटेकोशी बाढी...*

दुःख व्यक्त गर्दै विपतको कठिन घडीमा प्रभावित परिवारहरूको तत्काल उद्धार, आवश्यक राहत र सुरक्षित पुनर्स्थापना कार्यलाई मुख्य प्राथमिकता दिँदै स्थानीय सरकारको तर्फबाट सहयोग गरिएको जनाएका छन्।

मुक्त हरवाचरवाको ...

अधिकारको विषय भएको बताए। उनले प्रदेश सरकारले तत्काल स्पष्ट कार्ययोजना स्वीकृत गरी लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण र भूमिहीन हरवाचरवा परिवारको दिगो पुनर्स्थापना सुनिश्चित नगरेसम्म आन्दोलन नरोकिने चेतावनी दिए।

आन्दोलन परिचालन समितिका सदस्य वालाराम भट्टराईका अनुसार भदौ १४ गते बसेको संघर्ष समितिको बैठकले आन्दोलनलाई अझ सशक्त बनाउने निर्णय गरेको छ। उनका अनुसार माग सम्बोधन नभएसम्म धर्ना, ज्याली, मैनबत्ती जुलुसलगायतका कार्यक्रम सञ्चालन गरिनेछ। साथै आन्दोलनमा ऐक्यबद्धता जनाउन राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, व्यवसायी, बुद्धिजीवी, कानुनविद् तथा सम्पूर्ण सरोकारवालालाई आह्वान गरिनेछ।

संघर्ष समितिले प्रदेश सरकारलाई वार्तामार्फत समस्या समाधान गरी मुक्त हरवाचरवाको सम्मानजनक पुनर्स्थापनाका लागि तत्काल ठोस निर्णय लिन आग्रह गरेको छ।

# रसुवा बाढी : विदेशीसहित ४ हजार ४ सय ७२ जना सम्पर्कविहीन, हाइड्रोपावरका मात्रै ९ सय ३३

काठमाडौं, १४ भदौ। भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परी विदेशी पर्यटकसहित जम्मा ४ हजार ४ सय ७२ जना सम्पर्कविहीन रहेको नेपाल प्रहरीले जनाएको छ। आईतवार न्युज एजेन्सी नेपालसँग कुरा गर्दै केन्द्रिय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले यस्तो बताउनुभएको हो। उहाँकाअनुसार सम्पर्कविहीन हुनेमा २५ जना प्रहरी समेत रहेकोमा ३ जना मृत फेला परि सनाखत समेत भइसकेको छ। उहाँले सम्पर्कविहीन हुने कर्मचारीहरुमा भन्सार कार्यालयका १५, अध्यागमनका चार, आठ वटा बैंक शाखाका २६, लाङटाङ राष्ट्रिय निकुञ्जका तीन तथा आठ हाइड्रोपावरका ९ सय ३३ जना रहेका छन्।

प्रवक्ता काफ्लेले रसुवाबाट ५ सय ६२, नुवाकोटबाट १ सय १५, मकवानपुरबाट ६५ र सिन्धुपाल्चोकबाट २ सय २५ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएको बताउनु भयो। उहाँले काठमाडौं उपत्यकामा ४ सय ८१ जना तथा कोशी प्रदेशमा १ सय ३८ जना सम्पर्कविहीन रहेको आएको समेत बताउनु भयो। उहाँले गोसाइँकुण्ड गाउँपालिकाका उपाध्यक्षसहित केही जनप्रतिनिधि पनि सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको बताउनुभयो। उहाँकाअनुसार बाढीमा परि सम्पर्कविहीन हुनेमा ७ सय ४५ जना आन्तरिक तथा बाह्य पर्यटकसमेत रहेका छन्। उहाँले हालसम्म बाढी प्रभावित जिल्लाहरुमा ७ सय ३५ जनाको शव फेला परेको समेत बताउनु भयो। उहाँले विपद्पछि खोज, उद्धार र राहतमा ७ हजार ८ सय ८९ जना परिचालन गरिएको बताउनुभयो।

उहाँले आईतवार विहानै बाढीका कारण पृथ्वी राजमार्गअन्तर्गत धादिङको रोराङ गाउँपालिका–७ स्थित कृष्णभीरमा करिब सात मिटर सडक भासिएपछि राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको बताउनु भयो। उहाँले अहिले टिमुरे, स्याफ्रुबेँसी र रसुवागढी क्षेत्रमा पुरिएका घर तथा शवको खोजी बताउनु भयो। हाइड्रोपावरका सुरुङमा समेत उद्धार तथा खोजी कार्य जारी रहेको काफ्लेले बताउनु भयो। उहाँले भन्नुभयो, 'हामीलाई प्राप्त जानकारीअनुसार हालसम्म ७ सय ३५ शवहरू फेला परेको अवस्था छ। अब सम्पर्कविहीन करिव ४ हजार ४ सय ७२ जना रहेको छ। जसमा नेपाल प्रहरीको २५ जना हुनुहुन्छ। ३ जना मृथ फेला परेर सनाखत भइसकेको छ। भन्सार कार्यालयको १५ जना, अध्यागमनको ४ जना, ८ बैंक शाखाको २६ जना, लाङटाङ राष्ट्रिय निकुञ्जका ३ जना, ८ हाइड्रोपावरका ९ सय ३३ जना कर्मचारी सम्पर्कविहीन भएको भनिएको छ। रसुवाबाट ५ सय ६२ जना मिसिङ भनेर प्राप्त भएको छ।

नुवाकोटबाट १ सय १५ जनाको अहिलेसम्म डाटा आएको छ भने मकवानपुरको ६५ जना सम्पर्कविहीन भनेर विवरण प्राप्त भएको छ। उपत्यकामा अहिलेसम्म टिपाइएको ४ सय ८१ जना सम्पर्कविहीन भनेर टिपाइएको अवस्था छ। र सिन्धुपाल्चोक जिल्ला प्रशासनबाट हामीलाई २सय २५ जना सम्पर्कविहीन भएको भनेर विवरण आएको छ। कोशी प्रदेशको १ सय ३८ जना सम्पर्कविहीन छन्। गोसाइँकुण्ड गाउँपालिका उपाध्यक्षसहित जनप्रतिनिधि पनि बेपत्ता भन्ने कुरा आएको छ। ७ सय ४५ जना आन्तरिक तथा वाह्य पर्यटक समेत सम्पर्कविहीन हुनुभएको।

उद्धार तथा खोजमा नेपाल प्रहरीका ७ हजार ८ सय ८९ जना परिचालन हुनुभएको छ। गएराति तथा आईतवार विहान समेत बाढी आएको कारण उद्धारमा केही समस्या पनि भएको थियो। हाल पृथ्वी राजमार्गको धादिङको रोराङ गाउँपालिका—७ कृष्णभीरमा ७ मिटर बाटो समेत भासिएको कारण पूर्ण रुपमा अवरुद्ध छ। आईतवारको बाढीले गल्छीमा थप चार वटा घर बगाएको अवस्था छ। त्यसैगरी ८ वटा घर जोखिममा रहेका छन्।खासगरी टिमुरे, स्याफ्रुबेंसी, रसुवागढीमा पुरिएका घर र शवहरुको अवस्था बुझ्ने काम भइरहेको छ। हाइड्रोको टनेलहरूमा भइरहेको उद्धारको प्रयास आज पनि जारी छ।' उहाँले खनाखत हुन नसकेका केही शवहरुको व्यवस्थापन गरिएको समेत जानकारी दिनुभयो। उहाँले शवहरुको अन्तर्राष्ट्रिय मापदण्डअनुसार अस्थायी व्यवस्थापन गरिएको स्पष्ट पार्नुभयो।

# कृष्णभिरमा सडक भासियो, यातायात पूर्ण अवरूद्ध


काठमाडौं, १४ भदौ। कृष्णभिरमा सडक भासिएको छ। धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित बेनीघाट नजिक नदीले कटान गरेपछि सडक भासिएको हो। प्रहरी प्रधान कार्यालयले नदीले सडक कटान गरेपछि मुख्य सडक भासिएको जानकारी दिएको छ। धादिङकी प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेले बाढीले सडक मुनिको भाग कटान गरेपछि सडक भासिएको बताइन्।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रवक्ता डिएसपी प्रकाश दाहालले पनि कृष्णभीरको सडक भासिएको जानकारी दिए। 'बाढी बढेको सूचनापछि तटीय क्षेत्रमा अवलोकनका लागि जाँदै थियौं। कृष्णभिरमा सडक भासिएको भन्ने खबर आयो। अहिले हामी त्यतै जाँदै छौं,' उनले भने। सडक भासिएपछि यातायात पूर्ण रूपमा अवरूद्ध भएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# एउटै शवमा दुई परिवारको दाबी : अब डीएनए परीक्षणको भर





**भुपाल गुरुङ**

पोखरा, १४ भदौ। रसुवा बाढीमा बेपत्ताका परिवार र आफन्त अहिले आफ्ना मान्छे खोज्दै ठाउँठाउँ भौतारिइरहेका छन्। उनीहरु कहिले उद्धार गरी ल्याइएका घाइतेहरू खोज्दै अस्पताल अस्पताल पुग्छन् त कहिले शव संकलन गरी राखिएका विभिन्न जिल्लामा। स्थिति यतिसम्म बिडम्बनापूर्ण भएको छ कि दुई व्यक्तिका परिवार अहिले एउटै शव पहिचानका लागि पर्खिइरहेका छन्।

बर्दियाका गोपाल दहित र रूपन्देहीका दामोदर बस्यालका परिवारले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको एउटै शवलाई आफ्नो दाबी गरेका हुन्। रसुवाको मैलुङ हाइड्रोपावरमा कार्यरत ४० वर्षीय भाइ गोपाल दहित भदौ १० गतेको बाढीमा बेपत्ता भएपछि कृष्णबहादुर थारु खोजीमा निस्किनुभयो। बारबर्दिया नगरपालिका २, का कृष्णबहादुरले भाइ बेपत्ता भएदेखि रसुवा हुँदै मकवानपुर, काठमाडौं, धादिङ र चितवनसम्म नदी किनार र अस्पताल चहानुभयो। तर, चार दिनसम्म खोज्दा पनि उहाँका भाइको अवस्था पत्ता लागेन।

पोखरामा आएका दिदीबहिनीले भाइको शव भेटिएको खबर दिएपछि कृष्णबहादुर शनिबार मध्यरातमा पोखरा आइपुग्नुभयो। आइतबा बिहानै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शवगृहमा पुग्नुभयो। एक हजार ३ नम्बरको शवको नाक, ओठ र अनुहार हेरेपछि उहाँले आफ्नै भाइ गोपाल भएको दाबी गर्नुभयो। तर, यही शवमाथि रुपन्देहीको अर्को परिवारले पनि दाबी गरेपछि शनाखतमा समस्या भएको छ। तिलोत्तमा नगरपालिका ९, रुपन्देहीका राधेश्याम शर्मा बस्यालले पनि यही शव आफ्ना भाइ ५८ वर्षीय दामोदर बस्यालको भएको दाबी गर्नुभएको छ। दामोदर कैलाश मानसरोवरबाट पर्यटक लिएर फर्किने क्रममा केरुङ नाका आइपुग्दा बाढीमा बेपत्ता हुनुभएको थियो।

भाइको खोजीमा भौतारिइरहनुभएका राधेश्यामले शवको कोठी र दाँतका आधारमा आफ्ना भाइ भएको दाबी गर्नुभएको हो। एउटै शवमा दुई परिवारको दाबी परेपछि अब पहिचानका लागि वैज्ञानिक परीक्षणको प्रक्रिया जाने निर्णय भएको। दुवै परिवारले डीएनए परीक्षणका लागि निवेदन दिने भएका छन्। शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमै छ। प्रहरीले पनि दुवै पक्षले गरेको दाबी र उपलब्ध प्रमाणलाई विभिन्न कोणबाट विश्लेषण गरिरहेको जनाएको छ। शवमाथिको दाबी अन्य प्रमाणबाट पुष्टि हुन नसके डीएनए परीक्षणमार्फत वास्तविक पहिचान गरिने छ।

अहिले पोखरा ल्याइएका एक सय दुईमध्ये ५७ वटा शवको मात्रै पोष्टमार्टम सकिएको छ भने बाँकीको सोमबार सम्ममा सक्ने तयारी छ। १२ वटा शव पहिचान गरी परिवारको जिम्मा लगाइएको छ। अब यो शव कसको हो भन्ने प्रश्नको जवाफ वैज्ञानिक परीक्षणबाट मात्रै आउनेछ तर यसमा समय लाग्ने छ। डीएनए परीक्षणको नतिजाले दुई परिवारमध्ये एकको आशा पूरा गर्नेछ भने अर्को परिवारलाई थप पीडा दिनेछ।

# राहत कोषमा सहयोग गरेको भन्दै नक्कली भौचर पोस्ट गर्ने व्यक्ति पक्राउ

काठमाडौं, १४ भदौ। बाढी प्रभावितका लागि राहत कोषमा पैसा जम्मा गरेको भन्दै सामाजिक सञ्जालमा नक्कली भौचर पोस्ट गर्ने एक जना पक्राउ परेका छन्। रामेछाप प्रहरीले गोकुलगंगा गाउँपालिका–२ ठोसेका ३२ वर्षीय भगवान कार्कीलाई पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी प्रहरी निरीक्षक कमल राउतका अनुसार कार्कीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आफूले १ लाख २० हजार रूपैयाँ सहयोग गरेको भनेर सामाजिक सञ्जालमा भौचर पोस्ट गरेका थिए।

तर उक्त भौचर च्याटजिपिटी प्रयोग गरी नक्कली स्टेटमेन्ट तयार पारेको खुलेको प्रहरी निरिक्षक राउतले जानकारी दिए। कार्कीले कोषमा सहयोग गरेको भनेर आफ्नो क्युआर कोडसमेत सामाजिक सञ्जालमा पोस्ट गरी त्यसबाट ठगी गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका कार्कीमाथि रामेछाप प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# नौबस्ता कारागारका कैदीबन्दीले गरे बाढीपीडितलाई सहयोग

बाँके, १४ भदौ। कारागार कार्यालय नौबस्ताका कैदीबन्दीहरूले भोटेकोशी बाढी पीडितलाई आर्थिक सहयोग गरेका छन्।

कारागारस्थित 'बी' ब्लकका करिब ४५० जना कैदी, बन्दीले ४९ हजार ५१० रुपैयाँ प्रदान गरेका जेलर दलबहादुर बस्नेतले जानकारी दिए। उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भइसकेको उनले बताए।

'विपद्का कारण प्रभावित भएका तथा समस्यामा परेका व्यक्तिलाई सहयोग गर्ने उद्देश्यले कैदी, बन्दीले आ–आफ्नो तर्फबाट रकम प्रदान गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरेका छन्,' उनले भने।

बाढीपछि मानवीय तथा भौतिक क्षतिप्रति कैदी, बन्दीले दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका जेलर बस्नेतले बताए।

'पीडित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धतासमेत कैदी, बन्दीले गरेका छन्,' उनले भने। विपतको बेला मानवीय संवेदना र सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै पीडित तथा प्रभावितलाई सहयोग गर्नु सबैको साझा दायित्व भएको कैदी, बन्दीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# वर्षौं देखिको अवरोध तोड्दै जागेश्वर गरहाइ जनता माविमा करार नियुक्तिको छनोट परीक्षा अघि बढ्यो

**ओम प्रकाश यादव**

सप्तरी, १४ भदौ। सप्तरीको बलानबिहुल गाउँपालिका–६ स्थित श्री जागेश्वर गरहाइ जनता माध्यमिक विद्यालयमा विगत १४ वर्षदेखि देखिँदै आएको अवरोध र विवादलाई अन्त्य गर्दै करार नियुक्तिका लागि छनोट परीक्षा प्रक्रिया अघि बढाइएको छ। विद्यालयका प्रधानाध्यापक भोला यादव र बलानबिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवसहित सम्बन्धित पक्षको पहल तथा सहमतिपछि परीक्षा प्रक्रिया पुनः सञ्चालनमा आएको हो।

विद्यालयले प्लस टु तहत लेखा र अंग्रेजी विषयमा एक–एक जना शिक्षक तथा प्राविधिक धारतर्फ प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायक पदमा करार नियुक्तिका लागि शनिबार छनोट परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो। यसअघि बुधबारका लागि तय गरिएको परीक्षा विवाद उत्पन्न भएपछि स्थगित गरिएको थियो।शनिबार पुनः परीक्षा सञ्चालन गर्न खोजिएपछि स्थानीयवासीले विरोध जनाएका थिए। त्यसपछि विद्यालय परिसरमा ठूलो संख्यामा स्थानीयवासी तथा परीक्षार्थीहरू भेला भएका थिए भने सम्भावित तनावलाई मध्यनजर गर्दै सुरक्षाकर्मीसमेत परिचालन गरिएको थियो।

करार नियुक्तिको प्रक्रियामा आर्थिक चलखेल भएको आरोप लगाउँदै बलानबिहुल गाउँपालिका–६ का वडाध्यक्ष सूर्यकुमार दासले विद्यालयको प्रशासन कक्षमा तालाबन्दी गरेका थिए। वडाध्यक्ष दासले विद्यालयका प्रधानाध्यापक भोला यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा छनोट समितिका संयोजक नथुनी दास र शिक्षा समन्वय तथा विकास कार्यालय सप्तरीका शिक्षा समन्वय अधिकारी शशिकुमार यादवबीच मिलेमतो भएको आरोप लगाउँदै आएका थिए। वडाध्यक्ष दासले नियुक्ति प्रक्रियामा 'सेटिङ' भएको दाबी गर्दै निष्पक्ष छानबिन गरी परीक्षा प्रक्रियालाई पारदर्शी बनाउनुपर्ने माग राख्दै आएका थिए। उनले गत मंगलबार शिक्षा समन्वय तथा विकास कार्यालय सप्तरी परिसरमा समेत धर्ना दिएका थिए।

विवादका कारण परीक्षा सञ्चालनमा अन्योल भइरहेका बेला गाउँबाट अर्को युवाहरूको समूह विद्यालयमा पुगेको थियो। उक्त समूहले परीक्षा तोकिएकै दिन सञ्चालन हुनुपर्ने अडान राखेपछि केही परीक्षार्थीले समेत उनीहरूलाई साथ दिएका थिए।



त्यसपछि विद्यालय तथा सम्बन्धित पक्षबीच पुनः बैठक बसेर समस्या समाधानका लागि छलफल गरिएको थियो। वडाध्यक्ष सूर्यकुमार दास, बलानबिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष नथुनी दास तथा विषयगत विज्ञहरूबीच भएको छलफलपछि सहमति जुटेको थियो। सहमतिपछि परीक्षा प्रक्रिया अगाडि बढाइएको विद्यालयले जनाएको छ। परीक्षा प्रक्रियालाई विवादरहित र पारदर्शी बनाउन सिसि टिभी क्यामेराको निगरानीमा तीन चरणमा छनोट परीक्षा सञ्चालन गरिएको जनाइएको छ। भदौ १३ गते पहिलो चरणको वस्तुगत परीक्षा सम्पन्न भएको थियो भने सफल परीक्षार्थीहरूले भदौ १४ गते दोस्रो चरणको परीक्षामा सहभागिता जनाएका छन्।

भदौ १३ गते सञ्चालन गरिएको वस्तुगत परीक्षामा विभिन्न पद तथा विषयतर्फ केही परीक्षार्थी सफल भएका छन्। माध्यमिक तह अंग्रेजी विषयको वस्तुगत परीक्षामा सिम्बोल नं. २ का अमलेश कुमार ठाकुर सफल भई भदौ १४ गतेको परीक्षामा सहभागी भएका छन्। त्यस्तै, प्रशिक्षण सहायक कृषि विषयको वस्तुगत परीक्षामा सिम्बोल नं. १ की सरिता कुमारी साह र सिम्बोल नं. ४ की कञ्चन कुमारी यादव सफल भई दोस्रो चरणको परीक्षामा सहभागी भएका छन्। माध्यमिक तह लेखा विषयको वस्तुगत परीक्षामा भने कुनै पनि परीक्षार्थी सफल हुन नसकेको जनाइएको छ।

यसैगरी, माध्यमिक तह प्रशिक्षक कृषि विषयको वस्तुगत परीक्षामा सिम्बोल नं. ११ का रुपेश राज यादव सफल भएका छन्। निम्न माध्यमिक तह प्रशिक्षक विषयको वस्तुगत परीक्षामा सिम्बोल नं. १२ का दीपक कुमार यादव सफल भएका छन्। विवादका कारण पटक–पटक परीक्षा स्थगित भएपछि विद्यालयमा अध्ययनरत विद्यार्थी, अभिभावक तथा स्थानीयवासीमा समेत अन्योल सिर्जना भएको थियो। लामो समयदेखि रोकिँदै आएको नियुक्ति प्रक्रिया सहमतिका आधारमा अघि बढेपछि विद्यालयमा शैक्षिक गतिविधि थप व्यवस्थित हुने अपेक्षा गरिएको छ।

विद्यालय प्रशासनले परीक्षा प्रक्रियालाई निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन क्यामेराको निगरानी तथा विषयगत विज्ञहरूको सहभागितामा परीक्षा सञ्चालन गरिएको जनाएको छ। लामो समयदेखिको विवाद समाधान गरी योग्य उम्मेदवार छनोट गर्ने उद्देश्यले प्रक्रिया अघि बढाइएको विद्यालय पक्षको भनाइ छ। यससँगै श्री जागेश्वर गरहाइ जनता माध्यमिक विद्यालयमा १४ वर्षदेखि विभिन्न कारणले अवरुद्ध हुँदै आएको नियुक्ति तथा परीक्षा प्रक्रियाले निकास पाउने संकेत देखिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)